११५ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा धनकुटा जिल्ला स्थित सरोकारवालाहरुबाट जारी गरिएको

# लैङ्गिक समानताका लागि धनकुटा घोषणा पत्र २०८१

धनकुटा नगरपालिकाको परिसरमा धनकुटा नगरपालिकाका उपप्रमुख भीमादेवी खनालको अध्यक्षतामा संविधान सभाका सदस्य लिला सुव्वाको प्रमुख अतित्थ्यता, धनकुटा नगरपालिका प्रमुख चिन्तन तामाङ्गको विशेष आतित्थ्यता एवम् अतिथिहरु धनकुटा जिल्ला समन्वय समितिका उपप्रमुख सावित्री राई र जिल्ला प्रशासन कार्यालय धनकुटाका प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल, धनकुटा जिल्लाका राजनैतिक दलका प्रतिनिधिहरु, सुरक्षा निकायका प्रमुखहरु, विभिन्न कार्यालयका प्रमुखहरु, संघसंस्थाका प्रमुखहरु, सञ्चारकर्मी लगायतका सरोकारवालाहरुको सहभागितामा सम्पन्न भएको कार्य प्रस्तुतिकरण एवम् Panel Discussion सहितको कार्यक्रममा ११५ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा धनकुटा जिल्ला स्थित सरोकारवालाहरुबाट तपसिलका विषयहरुमा साझा प्रतिवद्धता गर्दै यो **लैङ्गिक समानताका लागि धनकुटा घोषणा पत्र २०८१ जारी गरेका छौं ।**

तपसिलः

१. आगामी निर्वाचनमा प्रदेश सभा सदस्य, प्रतिनिधिसभा सदस्य र स्थानीय तहको प्रमुख। अध्यक्ष र वडाध्यक्ष पदमा कम्तीमा ३३ प्रतिसत महिला निर्वाचित हुने सुनिश्चित्तता गर्न राजनैतिक दलहरुलाई साझा प्रतिवद्धताको लागि आवह्यन गरिनेछ ।

२. राजनैतिक दल,विभिन्न प्रशासनिक निकायहरु, सामुदायिक विद्यालयमा व्यवस्थापन समिति, प्रधानाध्यापक, सामाजिक संघसंस्था, उपभोक्ता समितिहरु, टोल विकास संस्था लगायतका संस्थाका प्रमुख पदहरुमा कम्तीमा ३३ प्रतिसत महिला नेतृत्व स्थापित गरिनेछ ।

३. लैङ्गिक समानताका लागि सरोकार क्षेत्रको सीप तथा क्षमता विकास गरी आय आर्जन हुने र महिलालाई आत्मनिर्भर हुने क्षेत्रमा सरकारी लगानीलाई प्राथमिकता दिइनेछ।

४. हिंसा पिडितका लागि स्थानीय सरकारबाट सुरक्षित आवास सेवा व्यवस्थापन गरिनेछ।

५. लैङ्गिक हिंसा सम्बन्धी विवादहरुको समयमै न्यायिक निरोपण गर्नका लागि आवश्यक पहल गरिनेछ ।

६. लैङ्गिक समानताको लागि आवश्यक स्पष्ट नीति तथा कानुन तर्जूमा गरी दिर्घकालिन विकासका क्रियाकलापहरु सञ्चालन गर्न स्थानीय सरकारले पूँजिगत खर्चको बार्षिक बजेटको कम्तीमा १० प्रतिसत बजेट विनियोजन गरिनेछ ।

७. राष्ट्रिय लक्ष्य अनुसार गरिनु पर्ने स्थानीय पालिकाहरुलाई बालश्रममुक्त तथा बालमैत्री स्थानीय तह घोषणा कार्यक्रम चालु बर्ष देखिनै सञ्चालन गरिनेछ ।

८. समावेसी विकासको लागि गैर सरकारी संस्थाहरुसँगको समन्वय र सहकार्यलाई थप सुदृढ गरिनेछ ।

CamScanner

९. गर्भवती महिलालाई प्रसुति सेवाका लागि चिकित्सकको सिफारिस अनुसारको अस्पतालसम्म लैजानको लागि निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।

१०. कार्यस्थलमा हुन सक्ने यौनजन्य दुर्व्यवहारबाट पिडित सेवाग्राहीलाई संरक्षण गरी कार्यालयमा सुरक्षित, स्वच्छ, मर्यादित र लैङ्गिकमैत्री बनाउन कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन २०७१ अनुसार यौनजन्य दुर्व्यवहार निवारण आचारसंहिता सवैले पालना गरिनेछ।

११. संघ, प्रदेश तथा स्थानीय सरकारबाट प्रवाह गरिने सेवालाई पारदर्शी, जवाफदेही र उत्तरदायी रुपमा प्रवाह गरिनेछ ।

तपसिलः

| क स | नामथर | पद | संस्था | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री लिला सुव्वा | संविधान सभा सदस्य | संविधान सभा | |
| २ | श्री चिन्तन तामाङ्ग | प्रमुख | धनकुटा नगरपालिका | |
| ३ | श्री सावित्री राई | उपप्रमुख | जिसस धनकुटा | |
| ४ | श्री भीमादेवी खनाल | उपप्रमुख | धनकुटा नगरपालिका | |
| ५ | श्री विजय सन्तोषी राई | सचिव | नेपाली काँग्रेश धनकुटा | |
| ६ | श्री शकुन्तला बस्नेत | केन्द्रीय सदस्य | नेकपा एमाले | |
| ७ | श्री विष्णुमाया कन्दङवा | कोशी प्रदेश कमिटी सदस्य | नेकपा माओवादी केन्द्र | |
| ८ | श्री दिपक गुरागाई | के.वा. [illegible] सदस्य | राष्ट्रिय स्वतन्त्र पार्टी | |
| ९ | श्री टिका प्र. घिमिरे | का.वा. अध्यक्ष | राप्रपा | |
| १० | श्री पार्वती राई | अध्यक्ष | जसपा नेपाल | |
| ११ | श्री मनकला लिम्बु | | जसपा | |
| १२ | श्री मनोज राई | सचिवालय सदस्य | नेकपा एकीकृत समाजवादी | |

| | | | | |
|---|---|---|---|---|
| १३ | श्री टुवराज पोखेल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय धनकुटा | |
| १४ | श्री हिमादेवी बस्नेत | पूर्व प्रदेश सभा सदस्य | कोशी प्रदेश | |
| १५ | श्री मोहन राई | इकाई प्रमुख | शिक्षा विकास समन्वय इकाइ धनकुटा | |
| १६ | श्री श्यामसिंह चौधरी | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय धनकुटा | |
| १७ | श्री मदननाथ | प्रहरी नायव उपरीक्षक | सशस्त्र प्रहरी वल धनकुटा | |
| १८ | श्री मीन प्रसाद सुवेदी | अध्यक्ष | गैसस महासंघ धनकुटा | |
| १९ | श्री विदुर खवास | अध्यक्ष | नेपाल पत्रकार महासंघ धनकुटा | |
| २०. | मीना राई | अध्यक्ष | एकल महिला समूह कोशी प्रदेश WHR | |
| २१. | सुमना तिम्सिना | अध्यक्ष | महिला मानव अ. र-क्षक | Sumana |
| २२. | ज्योति चन्द्र राई | अनुसन्धान अधिकृत | रा.अ.जि.का. | |
| २३ | अम्बिका परियार | सदस्य | महिला पुनर्स्थापना समाज | |
| २४. | मनकला लिङ्खा लिम्बु | कार्यपालिका स | ज.स.पा. जि.अ | |
| २५ | मन्जु कार्की | कार्यपालिका स. | | मञ्जु |
| २६ | संगीता चापागाईं | अध्यक्ष | वेटर नेपाल | संगीता |
| २७ | कोपिला संकर | अध्यक्ष | पराल्लिम्पिक समिति | |
| २८ | मन कुमारी तितुङ | वरिष्ठ उपाध्यक्ष | उद्योग वाणिज्य संघ | |
| २९ | अम्बिका धामला | अन्तरपार्टी अध्यक्ष | अन्तरपार्टी महिला संजाल | |
| ३० | विष्णुमाया कन्दङवा | प्रदेश कमिटि रा.प इन्चार्ज | ने.क.पा. (माओवादी केन्द्र) धनकुटा | |
| | | | | |
| | | | | |
| | | | | |